**PREMIER SECURITIES**

पुतलीसडक, काठमाडौं, फोन नं. ०१-५९७०७३२, ४५३२८३२, ४५३२७०४, ४५३२७००
RWS: न्यूरोड, पोखरा, फोन नं. ०६१-५३४२०१, ५८०७३५
RWS: वालिङ, स्याङ्जा, फोन नं. ०६३-५९००३२

अनुसूची-१३

(धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा व्यापारी) नियमावली २०६४ को नियम २९ (१) संग सम्बन्धित)

(धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमवली २०६८ को विनियम २० संग सम्बन्धित)

# कम्पनी वा संगठित संस्थाको परिचय विवरण
# Details of Company or Institution

☐ **KYC** (Trading) ☐ **KYC** (Demat)

## कार्यालय प्रयोजनको लागि मात्र For Official Use Only

| | | | | | |
|---|---|---|---|---|---|
| आवेदन नम्बरः<br>Application No.: | | संकेत नम्बरः<br>Symbol No.: | | मितिः<br>Date: | |
| ग्राहक नम्बरः<br>Customer No.: | | | | | |

| | |
|---|---|
| हितग्राही खाता नम्बरः (Demat)<br>Beneficial Owner Account No.: | |
| हितग्राहीको खाता खोलिएको संस्थाको नामः | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसंग भर्नु पर्नेछ । आफूसंग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please complete all details and strike out the non-applicable fields/boxes.

| | | | | |
|---|---|---|---|---|
| **डिम्याट खाताको लागि मात्रः** | खाताको किसिम<br>Type of Account | ☐ राफसाफ<br>Clearing | ☐ हितग्राही<br>Beneficial Owner | ☐ अन्य<br>Others |

| | |
|---|---|
| कम्पनीको नामः<br>Name of Company: | |
| कार्यकारी प्रमुखको नामः<br>Name of CEO: | |
| कम्पनी सचिवको नामः<br>Company Secretary's Name: | |

| | |
|---|---|
| कम्पनी संस्थापना मितिः<br>Date of Incorporation: | वि.स. (B.S.) D D M M Y Y Y Y   ई.स. (A. D.) D D M M Y Y Y Y |
| कम्पनीको किसिमः<br>Type of Company | ☐ प्राइभेट लि. Pvt. Ltd. ☐ पब्लिक लि. Public Ltd. ☐ सरकारी स्वामित्व भएको Govt. Owned ☐ अन्य Others |
| कम्पनी दर्ता भएको देशः<br>Country of Registration: | ☐ नेपाल Nepal ☐ अन्य Others (नेपाल बाहेक अन्य देश भएमा उल्लेख गर्ने): (Please mention if other than Nepal)............................... |

## कम्पनीको थप विवरण (Additional Details):

| | | | |
|---|---|---|---|
| दर्ता गर्ने कार्यालयः<br>Registration Office: | | | |
| दर्ता नं.:<br>Registration No.: | | दर्ता मितिः<br>Registration Date: | |
| स्थायी ले.नं./मू.अ.कर दर्ता नं.<br>PAN / VAT Regd. No. | | दर्ता मितिः<br>Registration Date: | |
| व्यवसायको किसिमः<br>Nature of Business | | कार्य क्षेत्रः<br>Area of work: | |
| सहायक कम्पनी भएमा मुख्य कम्पनीको नाम र ठेगानाः<br>Name & Address of Main Company in case of Subsidiary Company | | | |
| धितोपत्र बजारमा सूचिकरण भए नभएकोः<br>Listed or Not | | सूचिकरण मितिः<br>Listing Date: | |
| नेपाल राष्ट्र बैंकमा दर्ता भएको भए दर्ता नं.<br>NRB Regd. No.: | | नेपाल राष्ट्र बैंकको स्वीकृति मितिः<br>NRB Approval Date: | |

## हालको ठेगाना (Current Address):

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रः<br>Country: | | प्रदेशः<br>Province: | | जिल्लाः<br>District: | | गा.पा/न.पा./उ.म.न.पा./म.न.पा<br>Rural Municipality /Municipality/ Sub. Metropolitan City/ Metropolitan City | |
| टोलः<br>Tole: | | | | वडा नं.:<br>Ward No. | | | |
| ईमेल :<br>E-mail: | | | | टेलिफोन नं.<br>Tel. No.: | | वेवसाइटः<br>Website: | |
| नजिकको ल्यान्डमार्कः<br>Nearest Landmark : | | | | | | | |

## कम्पनी दर्ता हुँदाको ठेगाना (Company's Registered Address):

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रः<br>Country: | | प्रदेशः<br>Province: | | जिल्लाः<br>District: | | गा.पा/न.पा./उ.म.न.पा./म.न.पा<br>Rural Municipality /Municipality/ Sub. Metropolitan City/ Metropolitan City | |
| टोलः<br>Tole: | | | | वडा नं.:<br>Ward No. | | | |
| ईमेल :<br>E-mail: | | | | टेलिफोन नं.<br>Tel. No.: | | वेवसाइटः<br>Website: | |

## मुख्य कार्यालय/शाखा कार्यालयका विवरण (Details of Head Office/Branch Office):

| क्र. सं.<br>S.No. | क्षेत्र<br>Area | मुख्य/शाखा कार्यालय<br>Head/Branch Office | ठेगाना<br>Address | टेलिफोन नं.<br>Telephone No. | मोबाइल नं.<br>Mobile No. | सम्पर्क व्यक्ति<br>Contact Person |
|---|---|---|---|---|---|---|
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |

तीन वटा भन्दा बढी भएमा छुट्टै विवरण पेश गर्न सकिनेछ । Separate details can be submitted in case of more than three.

## बैंक खाताको विवरण (Bank Account Details):

| | | |
|---|---|---|
| बैंकको खाताको किसिम (Type of Bank Account) | ☐ बचत खाता<br>Saving Account | ☐ चल्ती खाता<br>Current Account |
| बैंकको खाता नम्बर (Bank Account Number) | | |
| बैंकको खाता भएको बैंकको नाम र ठेगाना<br>(Name & Address of Bank) | बैंक तथा वित्तिय संस्थाको नाम | शाखा |

| | |
|---|---|
| कार्यालय रहेको स्थानको नक्शा<br>Location Map | N<br><br>From main Road Street......................the distance of the residence is.................meters (approximately) |

## संचालक तथा कार्यकारी प्रमुखको विवरण (Details of Directors & CEO ):

| क्र.सं. S.N. / विवरण Details | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| नाम, थरः Name/Surname: | | | | | |
| पदः Designation: | | | | | |
| पति/पत्नीको नामः Spouse's Name: | | | | | |
| बाबुको नामः Father's Name: | | | | | |
| बाजेको नामः Grandfather's Name: | | | | | |
| स्थायी ठेगानाः Permanent Address: | | | | | |
| हालको ठेगानाः Current Address: | | | | | |
| टेलिफोन नं. Telephone No.: | | | | | |
| मोवाइल नं. Mobile No.: | | | | | |
| इमेल ठेगानाः E-mail ID: | | | | | |
| स्थायी लेखा नं. PAN No. | | | | | |
| फोटो Photo | | | | | |

## सर्म्पक व्यक्ति/आधिकारिक खाता संचालकको विवरण (Details of Contact Person/Authorized Account Operators):

| विवरण / Details | पहिलो सम्पर्क व्यक्ति / First Contact Person | दोस्रो सम्पर्क व्यक्ति / Second Contact Person | तेस्रो सम्पर्क व्यक्ति / Third Contact Person |
|---|---|---|---|
| नाम, थरः Name/Surname: | | | |
| बाबुको नामः Father's Name: | | | |
| बाजेको नामः Grandfather's Name: | | | |
| पदः Designation: | | | |
| पासपोर्ट साइजको फोटो Passport Size Photo | | | |
| हस्ताक्षर/Signature | | | |

## हितग्राही खाता तथा धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. कम्पनी / संस्थाले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धि प्रचलित कानून विपरित आर्जन गरेका हुने छैन ।
२. कम्पनी / संस्था धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमका सम्बन्धमा जानकार छ ।
३. कम्पनी / संस्थाले खरिद गरेका धितोपत्रहरू बापतको भुक्तानी लिनेदिने कार्य तोकिएको समय भित्र गर्नेछ ।
४. धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरूको पालना गरिने छ ।
५. कम्पनी / संस्था कर्जा सूचना केन्द्रका काला सूचीमा रहेको छैन ।
६. सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ र यस अन्तर्गत जारी भएका नियमावली तथा निर्देशन आदीबाट माग भए अनुसारका सुचना, विवरण तथा कागजातहरू कम्पनीलाइ उपलब्ध गराउनेछौं ।
७. कम्पनीलाई गर्नु पर्ने भुक्तानी नगरी बाँकी राखेको कारणबाट हाम्रा कारोवार अन्य धितोपत्र दलाल कम्पनीहरूमा समेत निलम्बन गर्न पत्राचार वा परिपत्र जारी गरेमा मञ्जुरी छ ।
८. हितग्राही खाताको हकमा हामील निक्षेप सदस्य र हितग्राहीका करारनामा, प्रचलित ऐन, नियम, विनियम र सोमा भएका संशोधन मान्न मञ्जुर गर्दछौं । यसमा उल्लेखित विवरणमा कुनै फरक परेमा यस कम्पनीमा रहेको हितग्राही खाता रद्द गन मञ्जुर गर्दछौं ।
९. के त्यस कम्पनीको संचालक / शेयरधनी / व्यवस्थापकीय तहका कर्मचारी राजनीतिक वा उच्च पदस्थ व्यक्ति वा त्यस्तो व्यक्तिसंग सम्बन्धित हुनुहुन्छ ? छ ☐ छैन ☐
छ भने सो को विवरणः

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | | |
| २. | | |

## संलग्न गर्नु पर्ने कागजातहरूः

१. कम्पनी वा संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. कम्पनी वा संगठित संस्थाको स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीका प्रतिलिपी ।
३. कम्पनी अद्यावधिक सम्बन्धी पत्रको प्रतिलिपी ।
४. धितोपत्र कारोबार गर्ने सम्बन्धमा कारोवार गर्ने अख्तियारी सहित संचालक समितिको निणर्यको प्रतिलिपि ।
५. कुनै नियमनकारी निकायबाट अनुमतिपत्र प्राप्त गरेको भएमा सोको प्रतिलिपी ।
६. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. अख्तियार प्राप्त व्यक्ति तथा संचालक समितिका सम्पूर्ण संचालकहरूको फोटो, नागरिकता तथा नागरिक परिचय-पत्रको प्रतिलिपी ।
८. अद्यावधिक शेयर लगत तथा संचालक लगत ।

पेश भएको विवरण सीकेवाइसी सेवा सम्बन्धी कार्यको लागि प्रयोग गर्न मेरो सहमति छ ।
I/hereby grant my consent for the submitted information to be utilized for CKYC purpose.

माथि उल्लेखित र संलग्न ग्राहक पहिचान (केवाइसी) विवरण सत्य तथ्य रहेको छ । सो विवरणमा कुन फरक परे कानून बमोजिम सहुँला, बुझाउँला ।
The above-mentioned details and enclosed KYC details are true and accurate. I further hereby consent to bear any legal actions in case of any false disclosure of information.

आधिकारीक व्यक्तिको नाम
**Name of Authorized Person:**

पदः
**Designation:**

मितिः
**Date:**

हस्ताक्षरः
**Signature:**

कम्पनीको छापः
**Company's Seal:**

औंठा छाप / Thumb Print

| दायाँ<br>Right | बायाँ<br>Left |
|---|---|
| | |

## कार्यालय प्रयोजनको लागि / For Official Use

**Checked & Verified by**

Signature
Name: ____
Designation: ____
Date: ____

कम्पनीको छाप
Naasa Securities Company Ltd.

**Approved by**

Signature
Name: ____
Designation: ____
Date: ____

Risk Category: ☐ Low Risk ☐ Medium Risk ☐ High Risk* Associated with PEP ☐ Yes ☐ No

Referrer Name ____ Contact ____

# धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनिमय १० सँग सम्बन्धित कारोबार सदस्य र ग्राहक बिचको सम्झौतापत्र

आज .......................... बार, मिति ..................................... का दिन कम्पनी रजिष्ट्रारको कार्यलयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्चेन्ज लिमिटेडको कारोबार सदस्य रहेको **न्यू प्लाजा, पुतली सडक** मा रजिष्टर्ड कार्यालय भएको **श्री प्रिमियर सेक्युरिटिज् कं. लि.** (उप्रान्त प्रथम पक्ष भनिनेछ।)
प्रथम पक्ष मार्फत धितोपत्रको कारोबार गर्न/ अनलाईन सुविधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) ............................................ रहेको ............................................ स्थायी ठेगाना भई हाल ......................................................... स्थानमा बसोबास गर्ने श्री ........................................................................................ को नाती / नातिनी, बुहारी श्री ........................................................................................ को छोरा/छोरी वर्ष ............... को श्री ........................................................................................

**वा**

ग्राहक संकेत नम्बर (युनिट क्लाईन्ट कोड) .........................................................................रहेको ......................................................................... कार्यालयमा दर्ता भई रजिष्टर्ड कार्यालय ......................................................................... मा भएको श्री ले ......................................................................... (उप्रान्त दोस्रो पक्ष भनिने र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएमा बाहेक निजका उत्तराधिकारी र / वा कानुनी प्रतिनिधि समेतलाई जनाउने) बीच नेप्सेको कारोबार प्रणालीबाट कारोबार हुने विधि र आफैले कारोबार गर्ने सम्बन्धमा दोस्रो पक्षसँग आवश्यक ज्ञान रहेको मानी यो सम्झौता (उप्रान्त सम्झौता भनिने छ) सम्पन्न भएको छ।

**यस सम्झौताको पक्षहरु निम्नलिखित शर्तहरु पालना गर्न मञ्जुरी छन् :**

१. प्रचालित धितोपत्र ऐन, नियम, विनिमय कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड लगायतका नियमक निकायले समय समयमा जारी गरेको निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरुले सोको पालना गर्न मञ्जुर गर्दछन्।

२. दोस्रो पक्षले सम्झौता गर्दाको बखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, दोस्रो पक्षको ग्राहक परिचय विवरण (केवाइसी) मा भरेको विवरणमा कुनै फेरवदल भए, फेरवदल भएको ७ कार्य दिनभित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ।

३. दोस्रो पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कर्जा सूचना केन्द्रको कलो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोबार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ।

४. दोस्रो पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक परिचय विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा दोस्रो पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउने छ। प्रथम पक्षले उपलब्ध गराएको वा सो पश्चात् दोस्रो पक्षले परिवर्तन गरेको युजरनेम वा पासवर्डको गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व दोस्रो पक्षको हुनेछ।

५. दोस्रो पक्षले बिक्री कारोबार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हितग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ। उक्त खाता अन्य धितोपत्र सदस्यलाई उपलब्ध गराउने छैन। एउटै खाता खन्य धितोपत्र कारोबार सदस्यलाई दिई उत्पन्न हुने जोखिमको जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

६. दोस्रो पक्षलाई दिइएको युजरनेमबाट भएगरेको सम्पूर्ण कारोवारहरुको दायित्व बहन गर्ने तथा सो को समयमा राफसाफ गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

७. दोस्रो पक्षलाई प्रदान गरिएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी भएमा सो प्रति दोस्रो पक्ष जिम्मेवार हुनेछ।

८. दोस्रो पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरुको निर्देशन पूर्जी जारी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ। यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण दोस्रो पक्षले टि + १ को १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त करोबारको राफसाफ हुन नसकेमा सोबाट सिर्जित सम्पूर्ण दायित्व दोस्रो पक्षले वहन गर्नुपर्ने छ।

९. दोस्रो पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ। आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानूनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी दोस्रो पक्षले व्यहोर्नु पर्नेछ।

१०. दोस्रो पक्षले बिक्री गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथम पक्षले धितोपत्र खरीद बिक्री सम्बन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछ।

११. दोस्रो पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नुपर्ने छ। दोस्रो पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको ४ (चार) गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्ने छ। उक्त कारोबार सीमा दोस्रो पक्षले बुझाएको रकमको चार गुणा भन्दा बढी हुने छैन।

१२. दोस्रो पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्ने छ।

१३. दोस्रो पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोबार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्ने छ।

१४. दुबै पक्षको आपसी सहमतिमा दोस्रो पक्षले प्रथम पक्षलाई कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवारयोग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्ने छ। यस्तो धरौटी दोस्रो पक्षले आफ्नो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ।

१५. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबारयोग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशतसम्म गर्न सकिने छ। धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको कारोबार सीमा दोस्रो पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्ने छ।

१६. खरीद कारोबारपछि बाँकी रहेको रकम खरीद बिल बमोजिम दोस्रो पक्षले टि + २ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। यसरी रकम उपलब्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा दोस्रो पक्षलाई हुनेछ।

१७. खरीद कारोबार पश्चात दोस्रो पक्षले राससाफ समयभित्र आफ्नो दायित्व पूरा नगरेमा टि+ ४ मा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराई दोस्रो पक्षकै नाममा खरीद गरिएको तथा जमानतमा लिइएको धितोपत्र बिक्री, बैंक जमानतबाट रकम र सो को लागत बापतको शोध भर्ना र नपुग रकम कानून वमोजिम असुल उपर गरी लिन सक्ने छ।

१८. दोस्रो पक्षको धितोपत्र बिक्री गरी प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा दोस्रो पक्षको अग्रिम भुक्तानी सम्मको रकम दोस्रो पक्षलाई फिर्ता गरी थप बाँकी रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ।

१९. दोस्रो पक्षले खरीद गरेको धितोपत्र खरीदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोबारको राफसाफको दिन मध्ये जुन पछि हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नुपर्ने छ।

२०. दोस्रो पक्षको नामबाट कारोबार भए पश्चात् दोस्रो पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मगज बिग्रिएमा वा अन्य कुनै कारणबाट दोस्रो पक्षको नामबाट भएका कारोबारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीबाट हुनेछ। कानूनी उत्तराधिकारीबाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. नियमक निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्न आदेश प्राप्त भएमा सो कारोबारहरु स्वत: रद्द हुने छन् । सोको दायित्व प्रथम पक्षले वहन गर्ने छैन ।

२२. दोस्रो पक्ष नावालक वा कानूनत: पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणवाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२४. दोस्रो पक्षले आफ्नो कारोबारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ सो प्रतिनिधिबाट भएमा सम्पूर्ण कारोबारहरु निज दोस्रो पक्षले नै गरेसरह मान्य हुनेछ ।

२५. धितोपत्रको कारोबार गर्दा धितोपत्रमा गरिने लगानीमा निहित रहेको जोखिम तथा प्रणालीगत जोखिमका बारेमा दोस्रो पक्ष जानकार रहेको मानिने छ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति दोस्रो पक्ष नै जिम्मेवार रहने छ ।

२६. दोस्रो पक्षले निम्न लिखित माध्यमबाट कारोबार आदेश दिन सक्ने छ ।

क) स्वयं उपस्थित भई लिखित आदेश

ख) टेलिफोन : ...................................................................... ङ) दोस्रो पक्षको युजरनेम : ......................................................................

ग) मोबाइल फोन : ...................................................................... च) प्रथम पक्षको वेभसाइट : ......................................................................

घ) ईमेल : ...................................................................... छ) अन्य विद्युतीय माध्यम : ......................................................................

प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ । नियम अनुसार उक्त आदेशहरुका सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथम पक्षले गर्न सक्ने छ ।

२७. दोस्रो पक्षले मार्जिन कारोबार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी शर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२८. दोस्रो पक्षले धितोपत्र कारोबार गर्दा उक्त धितोपत्र कारोबार गर्न प्रचलित कानून बमोजिम आफू योग्य रहेको र सो धितोपत्रमा आफूले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरीद आदेश प्रविष्ट गर्नुपर्ने छ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व दोस्रो पक्षको हुनेछ ।

२९. प्रचलित नीति नियममा उल्लेख भए अनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयावधि भित्र प्रथम पक्षलाई बुझाउन दोस्रो पक्ष मञ्जुर गर्दछ । दोस्रो पक्षले प्रचलित कानून बमोजिम अवैधानिक नठहरिने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्ने छ ।

३०. पक्षहरु बीच आपसि सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३१. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वत: खारेज हुनेछ । यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुबै पक्षको हुनेछ ।

३२. प्रथम पक्ष र दोस्रो पक्षबीच यस सम्झौता बमोजिम खरिद बिक्री कारोबार बापत लिन दिन बाँकी बक्यौताबाट सिर्जित हुने दायित्वका सम्बन्धमा पक्षहरुको आपसी सहमति बमोजिम हनेछ । सो बमोजिम नभएको अवस्थामा प्रचलित काहनून बमोजिम हुनेछ ।

३३. यस सम्झौता अनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट दोस्रो पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात दोस्रो पक्षले जानकारी पाएसरह हुनेछ ।

३४. सम्झौताका दुबै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्ने छैनन् ।

३५. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक दोस्रो पक्षको गोपनीयता कायम गर्नेछ ।

३६. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मतभिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

३७. दोस्रो पक्षले देहायका सुविधा उपयोग गरेवापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ ।

■ अनलाइन कारोबार सुविधा
■ एसएमएस सुविधा
■ अन्य ...

दोस्रो पक्षले उल्लिखित सुविधाहरु प्राप्त गर्न हरेक आर्थिक वर्षमा नवीकरण शुल्क तिर्नुपर्ने छ ।

३८. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

३९. यो सम्झौता दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट ............................................................ सम्म कायम रहने छ र दुबै पक्षको सहमतिबाट सम्झौता पुन: नवीकरण हुन सक्ने छ ।

४०. यो सम्झौता राम्ररी पढी बुझी दुबै पक्ष हस्ताक्षर गर्न मञ्जुर गर्दछौं ।

**प्रथम पक्ष**

प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप :

**दोस्रो पक्ष**

दोश्रो पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप :

डिम्याट नं. :

बैङ्क खाता नं.

पान नं. :

**औंलाको छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**साक्षी**

१. ..............................................................................................

**साक्षी**

१. ..............................................................................................

इति सम्वत् ............................... साल ........................ महिना .............. गते रोज शुभम् ।